http://www.ird.gov.np

# कर बुलेटिन Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ३, अङ्क २, २०७२ भदौ Year 3, Issue 2, Sep 2015

## राजस्व संकलन २८ प्रतिशतले वृद्धि

काठमाडौं। आर्थिक वर्ष २०७२/०७३ साउन मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा करिव २८ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७१/०७२ साउन महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. १३ अर्व ७४ करोड १५ लाख ७६ हजार रहेकोमा रु. १४ अर्व २१ करोड १५ लाख ५८ हजार संकलन भई लक्ष्यको तुलनामा १०३ प्रतिशतको प्रगति भएको छ । शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. ५ अर्व ७५ करोड ६० लाख ८८ हजार, मूल्य अभिवृद्धि कर रु. ६ अर्व ११ करोड १ लाख ५४ हजार र अन्तःशुल्क तर्फ रु. २ अर्व १३ करोड २९ लाख ६४ हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ १०० प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ १०८ प्रतिशत र अन्तशुल्क तर्फ १०४ प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रु. ६ करोड ९४ लाख ४१ हजार र रु. १४ करोड २९ लाख २९ हजार संकलन भएको छ। शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ८७ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ७३ प्रतिशत संकलन भएको छ। गत वर्षको तुलनामा आयकर वृद्धिदर १२४ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर १३४ प्रतिशत, अन्तशुल्कको वृद्धिदर १२७ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर १०६ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर १२१ प्रतिशत रहेको छ ।

## राजस्व सचिव श्री राजन खनालद्वारा

# आन्तरिक राजस्व विभागको निरीक्षण



राजस्व सचिव श्री राजन खनाललाई स्वागत गर्नुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा

राजस्व सचिव श्री राजन खनालले भाद्र ९ गते आन्तरिक राजस्व विभागको निरीक्षण भ्रमण गर्नु भएको छ। निरीक्षण भ्रमणपछि श्री खनालले काठमाडौं उपत्यका भित्रका सबै कार्यालय प्रमुखहरुलाई निर्देशन दिनु भएको थियो । उहाँले विभागले आगामी आर्थिक वर्षमा कार्य सम्पादन गर्ने प्रतिवद्धता सहित जारी भएको ललितपुर घोषणा पत्र समय सीमा भित्रै कार्यान्वयन हुनेमा विश्वस्त रहेको बताउनुभयो। उहाँले कर प्रशासनको तर्फबाट प्रतिवद्धता भएका विषयहरु पूरा भयो कि भएन आफूले अनुगमन गरिरहने बताउनु भयो। राजस्वको लक्ष्य कर प्रशासनको मात्रै नभई अर्थ मन्त्रालय र समग्र मुलुकको पनि भएको बताउनुभयो। कुनै पनि करदातालाई कर लगाउनु अगाडि किन कर लगाइयो भन्ने थाहा पाउने करदाताको अधिकार हो भन्नुहुँदै आर्थिक उपार्जन नभएको अवस्थामा कर लगाउन नहुने कुरामा जोड दिनुभयो। महाभूकम्पले यस वर्षको राजस्वको लक्ष्य चुनौति पूर्ण रहेको बताउनुहुँदै बजेटले खर्च गर्ने जुन लक्ष्य लिएको छ त्यो पूरा नभएको खण्डमा राजस्वको लक्ष्य पूरा नहुने समेत बताउनुभयो ।

सचिव श्री खनालले कर फछ्यौंट आयोगबाट ठूलो बक्यौता भएका करदाताहरुसँग सम्झौता हुन सके राजस्वमा समेत योगदान पुग्ने बताउनुभयो । विभागको काममा मन्त्रालयको पूर्ण रुपमा सहयोग रहने प्रतिवद्धता व्यक्त गर्नुहुँदै परम्परागत स्रोतबाट मात्र मुलुकको अपेक्षा पूरा गर्न नसकिने हुँदा कुनै न कुनै रुपमा संरचना र प्रणालीको परिवर्तन गर्नुपर्ने कुरामा जोड दिंदै आफू संरचना तथा प्रणाली परिवर्तनको पक्षमा

बाँकी ६ पेजमा....

## यस भित्र


| | | |
|---|---|---|
| नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री पशुपति मुरारकासंगको कुराकानी ३ | सहयोग हस्तान्तरण ५ | कार्यालय परिचय<br>१. आन्तरिक राजस्व कार्यालय, ललितपुर<br>२. आन्तरिक राजस्व कार्यालय, सिमरा<br>३. करदाता सेवा कार्यालय, बत्तिसपुतली ९–१२ |



# महानिर्देशकको सन्देश

**राजस्व संकलनको लक्ष्य केवल कर प्रशासनको एक्लो प्रयासबाट मात्र सम्भव छैन । कर प्रणाली समग्र शासन प्रणालीको उप प्रणाली भएको हुंदा शासन प्रणालीका सबै पात्रहरुको संयुक्त प्रयासबाट मात्रै यसको प्रभावकारीता अभिबृद्धि हुन्छ । लोकतान्त्रिक अभ्यासको अनुसरण गर्दा सबैले आ-आफ्नो कर्तब्यलाई मनन गर्दै र आफ्ना क्रियाकलापबाट अर्थतन्त्रमा पर्ने नकारात्मक प्रभाव समेतलाई विचार गर्ने संस्कृतिको निर्माण गर्नु अपरिहार्य भैसकेको छ । सबैले आ-आफ्नो भूमिका सकारात्मक रुपमा निर्वाह गरी कर संकलनमा सहयोग गर्नु हुनेछ भन्ने मैले अपेक्षा लिएको छु ।**

हामीलाई चालु आर्थिक वर्ष २०७२।०७३ का लागि रु १९४ अर्ब ६८ करोड कर राजस्व संकलन गर्ने लक्ष्य प्राप्त भएको छ। जुन गत अर्थिक बर्षको लक्ष्य भन्दा करिव २२ प्रतिशत बढी रहेको छ । बिगत बर्षको तुलनामा २२ प्रतिशत बढी लक्ष्य प्राप्त हुनु भनेको समग्र कर परिवारको काँधमा जिम्मेवारी थप हुनु हो । यस्तो थप जिम्मेवारीलाई पूरा गर्नका लागि यस वर्ष हामीले आर्थिक वर्षको शुरुवातमा नै विभागको बार्षिक व्यवसायिक योजना तयार गरी लागू गरेको छौ भने मातहत कार्यालयहरुलाई पनि सोही व्यवसायिक योजनामा सामन्जस्यता हुने गरी आ-आफ्नो वार्षिक कार्य योजना तयार गर्न लगाई सोही अनुरुप आफ्ना दैनिक क्रियाकलापहरु सञ्चालन गर्न निर्देशन गरेका छौ। विभागले कार्यालयहरुले पेश गरेको वार्षिक कार्ययोजनाको नियमित अनुगमन तथा Follow Up गर्ने कार्य समेत गर्दै आएको छ।

कर राजस्व वृद्धि हुने प्रमुख आधार भनेको आर्थिक क्रियाकलापमा हुने वृद्धि हो। तर यस आर्थिक वर्षका प्रथम दुई महिनामा राज्यभर घटेका घटना एवं गतिविधिहरु आर्थिक क्रियाकलाप प्रतिकूल देखिएका छन् । गत बैशाखमा गएको विनाशकारी महाभूकम्पले देशमा ७ खर्ब भन्दा बढीको क्षति हुन गयो। भूकम्पका कारण पर्न गएको क्षतिबाट उत्रने रणनीति तय गर्दा गर्दै देशका विभिन्न क्षेत्रमा भएका बन्द, विरोध, हडताल जस्ता गतिविधिले आर्थिक गतिविधि ठप्प प्राय: बनाएको छ । यी वस्तु परिस्थितिले यस वर्षको लागि तोकिएको राजस्व संकलन निक्कै चुनौतीपूर्ण देखिएको छ।

राजस्व संकलनको चुनौती सामना गर्न हामीले चालु आर्थिक वर्षका करहरु समयमा नै संकलन गर्ने गरी आफ्ना रणनीति तय गरेका छौं। यसका लागि करदाताका विवरणहरु समयमा प्राप्त गर्ने, विवरण बमोजिमको रकम समयमै दाखिला गर्न लगाउने, आयकरमध्ये श्रोतमा संकलन गरिने करको योगदान हालको २५ प्रतिशतबाट बढाई कम्तिमा ३० प्रतिशत पुऱ्याउने, चालु आ.ब.को कर परीक्षणलाई अभियानको रुपमा अगाडि बढाउने तथा थप निर्धारणको रकम दाखिला गर्न लगाउने जस्ता क्रियाकलापलाई हामीले प्राथमिकतामा राखेका छौं। सोही बमोजिम मातहतका कार्यालयहरुको कार्यगत लक्ष्य तय गरी पठाइसकिएको छ र कार्यालयहरुले पनि सोही अनुरुप आफ्ना कार्य सम्पादनमा लागि परेका छन् ।

त्यस्तै करदाताको स्थिति, आवश्यकता तथा व्यवहार अनुसार कार्य गर्ने गरी करदाता सेवा, कर संकलन एवं कर परीक्षण तथा अनुसन्धान सम्बन्धी रणनीति तय गरी कार्यान्वयनमा ल्याइएको। यसका लागि दर्ता भएका करदाताको विवरण अद्यावधिक गर्न Know Your Tax Payer (KYT) कार्यक्रम कार्यान्वयनको चरणमा रहेको छ । त्यस्तै कर कानून पालना नगर्नेलाई दण्डित गर्ने वातावरण सृजना गरिने छ।

आर्थिक क्रियाकलापहरुको बढोत्तरीका लागि अनुकूल वातावरण (Conducive Environment) सृजना गर्नका लागि कर प्रशासनलाई सोही बमोजिम सुधार गर्दै लगिनेछ । निजी क्षेत्रलाई सक्रिय एवं स्वत:स्फूर्त रुपमा सहभागी गराई कर कानूनको पूर्ण कार्यान्वयन गर्दै राजस्व संकलन वृद्धि गर्न हामी लागि परेका छौं ।

राजस्व संकलनको लक्ष्य केवल कर प्रशासनको एक्लो प्रयासबाट मात्र सम्भव छैन । कर प्रणाली समग्र शासन प्रणालीको उप प्रणाली भएको हुंदा शासन प्रणालीका सबै पात्रहरुको संयुक्त प्रयासबाट मात्रै यसको प्रभावकारिता अभिबृद्धि हुन्छ । लोकतान्त्रिक अभ्यासको अनुशरण गर्दा सबैले आ-आफ्नो कर्तव्यलाई मनन गर्दै र आफ्ना क्रियाकलापबाट अर्थतन्त्रमा पर्ने नकारात्मक प्रभाव समेतलाई विचार गर्ने संस्कृतिको निर्माण गर्नु अपरिहार्य भैसकेको छ। सबैले आ-आफ्नो भूमिका सकारात्मक रुपमा निर्वाह गरी कर संकलनमा सहयोग गर्नु हुनेछ भन्ने मैले अपेक्षा लिएको छु।

कर तिर्नु सवै जिम्मेवार नागरिकको कर्तव्य हुनुका साथै राष्ट्र निर्माणमा सरिक भई आफ्नो तर्फबाट योगदान गर्ने अवसर पनि हो । नागरिकले तिरेको कर बाट नै देशको शासन व्यवस्था (Governance), विकास (Development) र सेवा प्रवाह (Service Delivery) मा सुधार आउने तथा मुलुक हाल आर्थिक तथा राजनीतिक दुवै हिसावले अत्यन्त गहन परिस्थितिमा रहेको हुंदा यस्तो बेला तल्लो तहसम्म राज्यको उपस्थिति देखाई आहतमा रहेका जनताहरुलाई राहत दिने कार्यमा जतिसक्दो जोड दिनु पर्दछ । त्यसका लागि पनि आन्तरिक स्रोतको अझ बढी आवश्यकता पर्ने भएकोले मुलुकलाई आफ्ठ्यारो परिस्थितिमा साथ दिन सम्पूर्ण करदाताहरुमा म आ-आफ्नो जिम्मेवारी वहन, भूमिका निर्वाह र कर्तव्यबोध गर्नु भै स्वेच्छिक सहभागिता जनाउनु हुन आव्हान गर्दछु।

असोज, २०७२

**चुडामणि शर्मा**
महानिर्देशक


व्यक्तिगत आय हुनेले व्यक्तिगत स्थायी लेखा नम्बर लिऔं।

# करदाताको सहभागिता वृद्धि गरी पारदर्शिता कायम गर्ने तर्फ महासंघको जोड रहेको छ

**पशुपति मुरारका**
**अध्यक्ष**
**नेपाल उद्योग वाणिज्य महासंघ**



**० सर्वप्रथम नेपाल उद्योग वाणिज्य महासंघको गरिमामय अध्यक्षमा निर्वाचित हुनु भएकोमा कर बुलेटिनको तर्फबाट बधाई छ ।**

- धन्यवाद

**० महासंघको नेतृत्वमा आइसकेपछि तपाईंले के कस्ता कार्यमा जोड दिनु भएको छ ?**

- महासंघको मुख्य जोड मुलुकभित्र लगानीको वातावरण बनाउनुनै हो र अहिले महासंघले त्यसैमा काम गरिरहेको छ। संविधानसभाबाट नयां संविधान घोषणा भएको छ । नयां संविधान निर्माणका क्रममा निजी क्षेत्रका तर्फबाट पनि सुझावहरु पेश गरिए । निजी क्षेत्रले दिएको केही सुझावहरु संविधानमा समेटिए पनि धेरै सुझावहरु कार्यान्वयन हुन सकेका छैनन् ती सुझावहरुलाई कार्यान्वयनका लागि महासंघले पहल गर्ने छ। नेपाल विश्व व्यापार संगठन र साफ्टाको सदस्य भै सकेपछि आएको उदारिकरण पछि नीतिगत सुधार, खास गरी आर्थिक क्षेत्रमा लगानी बढाउनका लागि महासंघले माग गरे बमोजिम करिब दुई दर्जन ऐनहरु औद्योगिक व्यावसाय ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, श्रम ऐन, विशेष आर्थिक क्षेत्र ऐन, बौद्धिक सम्पत्ति यथाशिघ्र ल्याउनु पर्ने आवश्यकता छ। त्यसका लागि महासंघले निरन्तर पहल गरिरहेको छ । उद्योग व्यावसायको प्रोत्साहनका लागि आवश्यक पूर्वाधार विकास औद्योगिक क्षेत्रको विस्तार, सरकारी सेवामा छिटो छरितोपना, नीतिगत सुधार तथा प्रशासनिक सरलीकरण जस्ता विषयहरु प्राथमिकतामा रहने छन् । त्यसको साथै उद्यमी व्यावसायीहरुको क्षमता अभिवृद्धि आजको दिनमा प्रमुख चुनौती रहेको छ । त्यसतर्फ पनि महासंघले विशेष पहल गर्ने छ । पछिल्लो पटक मुलुकभित्र उत्पन्न परिस्थितिको असहज अवस्थामा मुलुकलाई सकुशल माथि उठाउन महासंघ विशेष रुपमा केन्द्रित रहेको छ ।

**० मुलकमा हालै गएको विनाशकारी महाभूकम्पका कारण पुनर्निर्माण तथा पुनर्संरचना सम्बन्धी कार्यमा राज्यले ठूलो रकम लगानी गर्नुपर्ने अवस्था सिर्जना भएको छ । यस्तो स्थितिमा निजी क्षेत्रले राज्य प्रतिको आफ्नो दायित्व निर्वाह गर्न के कस्तो रणनीति अवलम्बन गर्ने सोच लिएको छ ?**

- भूकम्पको कारण ठूलो धन जनको क्षति भएको छ । यो अत्यन्तै दुखलाग्दो घटना हो। विकास निर्माणलाई प्राथमिकता दिनु पर्ने विद्यमान अवस्थामा पुनर्निर्माणमा विशेष ध्यान दिनु पर्ने बाध्यतामा हामी रहेका छौं । हजारौं व्यक्तिहरु घरवार विहिन भएका छन् । धेरै विद्यालयको पुनर्निर्माण गर्नुपर्ने आवश्यकता भएको छ। यस परिदृष्यमा महासंघले तत्कालै Operation Relief मार्फत् राहत सहयोग गरेको थियो। हाल महासंघले भूकम्प प्रभावित जिल्लाका करिब १४० प्राथमिक विद्यालय पुनर्निर्माणमा लागेको छ। साथै पुन निर्माणको यस अवसरमा सरकारलाई आवश्यक सहयोग गर्न महासंघ सधै तत्पर रहेको छ ।

**० लगानीको वातावरण बनाउन पछिल्लो समयमा भइरहेका सरकारी प्रयासबारे के भन्नुहुन्छ ? साथै लागानीको बातावरण निर्माणमा थप सकारात्मक योगदान पुऱ्याउन सरकार र निजीक्षेत्र संगसंगै मिलेर जान तपाईंसंग कस्ता योजना छन् ?**

- लगानी निरुत्साहित हुनुका मुख्य कारण लोडसेडिङको समस्या, बन्द हड्ताल, श्रम समस्या तथा आवश्यक ऐन कानूनको उपयुक्त समयमा नै तर्जुमा हुनु पर्ने आवश्यकता रहन्छ। मिति २०७२ वैशाख १२ गते आएको भूकम्पको कारण वस्तु तथा सेवाको मागमा भएको कमीको कारण झन् ठूलो समस्या परेको छ साथै संविधानको कारणले खास गरी तराईका जिल्ला

तथा भंसार नाकामा भएका बन्द, हड्ताल जस्ता कारणबाट व्यावसायिक क्षेत्र थप थला परेको छ। औद्योगिक उत्पादन, आयात निर्यात ठप्प छ । उद्यमी व्यावसायीहरुले १२ घण्टा भन्दा बढीको लोडसेडिङको समस्या व्यहोर्नु परेको छ । श्रम समस्या अर्को प्रमुख समस्या हो। यसका विद्युत आपूर्तिको सूनिश्चितता हुनु जरुरी छ । सबै राजनैतिक क्षेत्रबाट बन्द हड्ताल नगर्ने प्रतिवद्धता हुनु पर्दछ। व्यवस्थापक तथा ट्रेड यूनियन बीचको सम्बन्ध सुमुधुर हुनु पर्ने आवश्यकता रहेको छ। साथै व्यावसायिक क्षेत्रका ऐन नियमको समयमा तर्जूमा, संशोधन तथा कानूनहरुको प्रभावकारी कार्यान्वयनको सन्दर्भमा पनि सरकारलाई सहयोग गर्न तथा सरकारसंग मिलेर काम गर्न महासंघ सधै तत्पर रहेको छ। विगत केही वर्ष देखि निर्यातमा निकै कमी आईरहेको तथा व्यापार घाटा बढ्दै गैरहेको छ। आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनको सम्बन्धमा मुलुकले तत्काल रणनीति बनाउनु पर्ने आवश्यकता रहेको छ । यस सम्बन्धमा पनि महासंघ सरकारसंग नजिकमा रहेर काम गर्न सधै तयार रहेको छ।

**० सरकारले व्यावसायीका लागि प्रत्येक वर्ष स्किम ल्याएर सुविधाहरु दिने गरेको छ, चालु वर्षको आर्थिक ऐनमा त तपाइहरुले उठाउँदै आउनु भएका मागहरु धेरै हदसम्म सम्बोधन भएका छन्, तर सुविधा दिए अनुसार विगतको तथ्यांक हेर्ने हो भने व्यावसायीहरुको सहभागिताको स्तर भने अत्यन्त न्यून रहेको छ। ती व्यवस्थाको कार्यान्वयनमा तपाईहरुको भूमिका कस्तो हुन्छ ? साथै निजी क्षेत्रले राजस्वमा योगदान हुने नयाँ के के कामहरु गरेको छ र भावी योजनाहरु के रहेका छन् ?**

- यसको मूख्य समस्या भनेको उद्यमी व्यावसायीहरु लगायतका करदातामा जानकारीको अभाव नै हो । विभिन्न सुविधाहरुको बारेमा जानकारी पाएका करदाताहरु सहभागी भएका छन् तर सरकारले ल्याएका विभिन्न सुविधाहरुको बारेमा सरकार लगायत महासंघले समेत आवश्यक जानकारी दिनु पर्ने, सहभागिताका लागि उत्पेरित गर्नुपर्ने देखिन्छ । महासंघ अन्तर्गत ७५ जिल्लामा उद्योग वाणिज्य संघहरु तथा झण्डै ९५ वस्तुगत संघ लगायत ७०० ठूला कम्पनीहरु महासंघको सदस्य रहेका छन् । ती उद्योग वाणिज्य संघहरु मार्फत परिचालन गर्न सकिन्छ। हालको अवस्थामा करदाताको सहभागिता वृद्धि गरी पारदर्शिता कायम गर्न तर्फ महासंघको जोड रहेको छ । यस तर्फ महासंघले विशेष पहल गर्ने छ । पारदर्शिता कायम गर्न सकिएमा स्वच्छ तथा स्वस्थ्य व्यापार, स्वदेशी उद्योग व्यवसायको प्रवर्द्धन हुने तथा लगानी प्रोत्साहित हुने भएकोले भंसार मूल्याङ्कनमा सुधार, उद्योग व्यवसायमा पारशर्दिता कायम गर्न तर्फ, व्यवसायिक वातावरणमा सुधार गर्न पहल गर्नेछ।

**० राज्यले यस वर्षको बजेट तर्जुमा गर्दा व्यावसायीहरुका धेरैजसो मागहरु सम्बोधन तथा सुनुवाई गरेता पनि करको दायरामा आउनु पर्ने व्यावसायी दायरामा नआएको तथा आएकाहरुले पनि सही ढंगले कर सहभागिता नजनाई बक्यौताको अंक बर्षेनी बढ्दै गएको हालको सन्दर्भमा यसलाई सम्बोधन गर्न महासंघ के गर्दैछ ?**

- करको दायरा वृद्धि गर्न करदाता शिक्षा कार्यक्रमलाई बढाउने, महासंघ अन्तर्गत रहेका उद्योग वाणिज्य संघहरुलाई परिचालन गर्ने तथा सरकारसंग मिलेर करको सहभागिता वृद्धि गर्न सकिन्छ । यथार्थ विवरण नदिने करदाताहरुलाई समेत करदाता शिक्षा मार्फत उत्पेरित गर्न सकिन्छ साथै कर परीक्षण, कर अनुसंधान जस्ता क्षेत्रका लागि कर अधिकृतहरुको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ। साथै करको पुनरावलोकन तथा पुनरावेदन प्रकृयामा सुधार तथा सरलीकरण भएमा करको बक्यौता कम हुन सक्ने अवस्था रहन्छ। महासंघले माग गरे बमोजिम नेपाल सरकारले स्थायी किसिमको कर फछ्यौट समिति गठन गर्ने प्रतिवद्धता गरेको छ। उक्त समिति गठन पश्चात् कर बक्यौतामा सुधार हुन सक्दछ।

**० राज्यले हदैसम्मको व्यावसायीमैत्री व्यवहार गरिरहँदा पनि नक्कली विल/विजक, व्यावसाय खडा गरी राजस्व छलीमा व्यवसायिक घरानाहरु समेत संलग्न भएको पाइएको छ। यस्ता गैर व्यावसायिक क्रियाकलापको नियन्त्रण गरी नैतिकता कायम गर्न गराउन तथा कर राजस्व छलीमा संलग्नलाई कानुनको दायरामा ल्याउने विषयमा महासंघ अग्रसर भएन भन्ने आम गुनासो छ। यसमा तपाइको भनाइ के छ ?**

- महासंघ स्वच्छ र स्वथ्य व्यापारको पक्षमा रहेको छ । न्यून बिजकीकरण तथा अनधिकृत व्यापारलाई नियन्त्रण गर्न महासंघले विगतका धैरै वर्षदेखि सरकारसंग माग गर्दै आएको छ । भंसार मूल्याङ्कन यथार्थपरक हुन सकेमा राजस्वमा सकारात्मक सहयोग पुग्ने तथा आन्तरिक रुपमा भएका विकृतिलाई समेत न्यूनीकरण गर्न सकिने महासंघको राय रहेको छ । सरकारले ल्याएका सुधारका उपायमा महासंघले सधै सहयोग गरेको छ। महासंघसंग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सम्बन्धित व्यावसायीहरु सधै सुधारको पक्षमा रहेका छन् । केही व्यावसायीहरुको कारणले व्यावसायीक कारोबार पारदर्शी हुन सकेको छैन भन्ने महशुस गरी महासंघले अनुसंन्धान गरी कारबाही गर्नु पर्ने भन्दै आएको छ। नक्कली बील लगायतका कुनै पनि गैर कानूनी क्रियाकलापमा संलग्न भएका व्यावसायी लगायत जो सुकै व्यक्तिहरुलाई कारवाही गर्नुपर्ने महासंघको सुझाव छ। सरकारको अनुसंन्धान पद्दति तथा कारवाही समेत प्रभावकारी हुनु पर्ने महासंघको माग रहेको छ। यस खालका कृयाकलापमा व्यावसायीहरुलाई कारवाही गर्न र गैर व्यवसायिक कृयाकलाप नियन्त्रण गर्न महासंघ सरकारलाई आवश्यक सहयोग गर्न महासंघ सधै तत्पर रहेको छ।

**० देश संघीय संरचनामा प्रवेश गर्दैछ। भावी स्वरुपमा करको संरचना कस्तो हुनुपर्छ भन्ने महासंघको धारणा रहेको छ ?**

- मुलुक संघीय प्रणालीमा प्रवेश गर्दैछ यसमा विभिन्न राज्यहरुको आर्थिक नीति के कस्तो हुने भन्ने हाम्रो चासोको विषय रहन्छ। सबै संघीय राज्यले ल्याउने आर्थिक नीतिमा सामञ्ज्स्ता भएमा व्यावसायीक लागत कम पर्न जान्छ । संघिय राज्यका आर्थिक नीतिमा विविधता भएमा व्यवसायिक लागत कम हुन्छ जसको कारण स्वदेशी वस्तु तथा सेवा बढी प्रतिस्पर्धी हुन जान्छन्। कर नीति, कर संकलन प्रकृया सरल र कम खर्चिलो हुनु आवश्यक रहन्छ साथै कर संकलन एकै स्थानबाट गर्दा व्यवसायिक लागत कम पर्न जान्छ। आर्थिक नीति तथा कर सम्बन्धी नीति केन्द्रबाट तर्जुमा गर्दा व्यवसायिक वातावरणमा सकारात्मक प्रभाव पर्न जान्छ । करका दरहरु सबै राज्यमा समान भएमा सबै क्षेत्रको समान विकास हुने संभावना रहन्छ । करका दरहरु फरक भएमा लगानी कम करका दर हुने क्षेत्रमा बढी आर्कषित हुने भएकोले करका दर तय गर्दा विचार पुऱ्याउनु पर्ने देखिन्छ। समष्टिमा करको भार बढी पर्न नहुने तथा करको लागत कम हुने वातावरण बन्नु पर्दछ।

**० अन्त्यमा, अहिले नेपालमा उद्योगी व्यावसायीको मुख्य समस्या के हुन् र त्यसको निराकरणका लागि कर प्रशासनसँग महासंघको अपेक्षा के रहेको छ ?**

- हाल व्यावसायिक क्षेत्रको मूख्य समस्या भनेको आर्थिक पूर्वाधार कमजोर हुनु नै हो। सडक लगायतका पूर्वाधारले वितरण लागत कम हुन सक्दछ। लोडसेडिङ, श्रम समस्या, सुशासन, अस्थिर आर्थिक नीति, औद्योगिक सुरक्षा जस्ता समस्या मुख्य समस्या हुन।

# मृतक तथा वेपत्ता राष्ट्र सेवक कर्मचारीका आश्रित परिवारलाई कर्मचारीहरूको तर्फबाट १२ लाख ६४ हजार हस्तान्तरण




काठमाडौं । विनाशकारी भूकम्पका कारण दिवंगत तथा वेपत्ता भएका अर्थ मन्त्रालय अन्तर्गत करदाता सेवा कार्यालय, महाराजगञ्ज र रसुवा भन्सार कार्यालयका कर्मचारीका आश्रित परिवारलाई सहयोग स्वरुप अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरुबाट स्वेच्छिक रुपमा संकलन गरिएको रु १२ लाख ६४ हजार रुपैयाँ निजामती सेवा दिवस २०७२ को अवसरमा भाद्र २१ गते माननीय अर्थमन्त्री डा. रामशरण महतले मृतक तथा वेपत्ता परिवारका आफन्तलाई १ लाख ५८ हजारको चेक समान रुपले क्रमैसँग हस्तान्तरण गर्नु भएको थियो ।

अर्थमन्त्रालयमा आयोजित कार्यक्रममा अर्थमन्त्री डा. रामशरण महतले राज्यले तोकेको जिम्मेवारी पूरा गर्ने शिलशिलामा कार्यरत कर्मचारी महाभूकम्पमा परी दिवंगत हुनुभएकोले आफूलाई अत्यन्त दुःखी बनाएको बताउनुहुँदै उहाँहरुको आत्माको चीर शान्ति तथा परिवारजनहरुमा समवेदना प्रकट गर्नुभयो । अर्थमन्त्री डा. महतले पीडित परिवारलाई राज्यले आफ्नो जिम्मेवारी पूरा गर्ने आश्वासन दिनुहुँदै राज्यले निर्णय गरेर दिने विशेष रकम पनि चाँडै नै उपलब्ध गराइने प्रतिवद्धता व्यक्त गर्नुभयो । महाभूकम्पमा २१ जना कर्मचारीले जीवन गुमाउनु परेको सन्दर्भमा अर्थ मन्त्रालयको मात्रै कुरा नभएकोले सामान्य प्रशासन मन्त्रालयबाट प्रस्ताव आउँदा राम्रो हुने भएकाले प्रकृया लम्बिएको बताउनुभयो । उहाँले सामान्य प्रशासन मन्त्रालयबाट प्रस्ताव ल्याएर मन्त्रिपरिषद्ले स्वीकृत गर्ने बताउनुभयो । अर्थमन्त्री डा. महतले परिवारका सदस्यलाई रोजगारीका लागि योग्यताले भ्याएसम्म अस्थायी/करार प्रकृतिको रोजगारी राज्यले उपलब्ध गराउने समेत बताउनुभयो । हिजो द्वन्द्वको सिलसिलामा दिवंगत भएका कर्मचारीका परिवारलाई पेन्सन दिने व्यवस्था गरिएको स्मरण गराउनुहुँदै अहिले प्राकृतिक विपत्तिमा परेर कार्य सम्पादनकै क्रममा कर्मचारी दिवंगत भएकाले पेन्सनको लागि पनि पहल गर्ने बताउनुभयो । मृतक कर्मचारीका परिवारलाई सुख दुखको साथमा जहिल्यै पनि राज्य रहने विश्वास समेत दिलाउनुभयो ।

अर्थसचिव श्री सुमनप्रसाद शर्माले विदाको दिन आफ्नो परिवारलाई छाडेर कार्य सम्पादनका क्रममा दिवंगत हुनु भएका कर्मचारीहरुको उद्दारको क्रममा अर्थमन्त्रालयले सक्दो प्रयास गरेको स्मरण गर्नुहुँदै उहाँले वेपत्ताहरुको खोजीमा चीनिया दूतावास र महामहिम राजदूतलाई पनि आग्रह गरिएको र यस विषयमा अर्थमन्त्रालय, कर परिवार अत्यन्त संवेदनशील रहेको जानकारी दिनुभयो । कर्मचारीको तर्फबाट हामी पनि संगै छौं भनेर केही राहत स्वरुप रकम संकलन गरिएकोमा सम्पूर्ण सम्वद्ध कर्मचारीहरुप्रति हार्दिक आभार व्यक्त गर्नुहुँदै राज्यले दिने अतिरिक्त सुविधाका लागि अर्थ मन्त्रालयले पहल गर्ने बताउनुभयो । अर्थसचिव श्री शर्माले आश्रित परिवारको आग्रह बमोजिम अस्थायी रोजगारीका लागि पनि अर्थमन्त्रालय संवेदनशील रहेको जानकारी दिनुभयो ।

सामान्य प्रशासन मन्त्रालयका सचिव श्री टंकमणि शर्माले अर्थ मन्त्रालयका कर्मचारीहरुले राहत स्वरुप आफ्नो तलवबाट रकम कटाएर पीडित परिवारलाई हस्तान्तरण गरेकोमा अत्यन्त खुसी लागेको बताउनुहुँदै आफू अर्थमन्त्रालय अन्तर्गत भन्सार विभाग र आन्तरिक राजस्व विभागको महानिर्देशक भइसकेको नाताले दिवंगत कर्मचारीलाई काम लगाइसकेको सन्दर्भमा कर्मचारी प्रशासन र सामान्य प्रशासनको दायित्व पनि आफूमा रहेकोले आश्रित परिवारलाई सक्दो सहयोग गरिने प्रतिवद्धता व्यक्त गर्नुभयो । महाभूकम्पमा परी ९ हजार भन्दा बढी मानिसहरुले ज्यान गुमाएको बताउनुहुँदै सरकारको तर्फबाट कानुन सम्मत तथा कानुनी व्यवस्था नभएको खण्डमा त्यसलाई पुनरावलोकन गरेर भए पनि कार्य सम्पादनका क्रममा दिवंगत भएका कर्मचारीहरुका आश्रित परिवारलाई सहयोग गरिने प्रतिवद्धता व्यक्त गर्नुभयो । राहत, सहुलियत, सुविधा दिनका लागि कर्मचारीको हकहितका लागि जे गर्नु पर्ने हो, त्यसका लागि सामान्य प्रशासन मन्त्रालय सकारात्मक रहेको जानकारी दिनुहुँदै उहाँले कुनै समस्या परेको भए आफूकहां व्यक्तिगत रुपमा आउन समेत आश्रित परिवारलाई आग्रह गर्नुभयो ।

नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिका अध्यक्ष श्री पुण्यप्रसाद ढकालले कामको सिलसिलामा दिवंगत भएका राष्ट्रसेवक कर्मचारीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुहुँदै वेपत्ता भएका कर्मचारीहरु खोज विनका लागि यथाशीघ्र पहल गर्न नेपाल सरकारसँग आग्रह गर्नुभयो । राज्यले यस्ता प्रकारको विपत्ति आगामी दिनमा सामना गर्न नपरोस् भन्नका लागि समयमै सचेत रहन पनि उहाँले आग्रह गर्नुभयो ।

मृतक कर्मचारीको परिवारका तर्फबाट श्री प्रमिला न्यौपानेले विनाशकारी भूकम्प गएपछि केही सेवा सुविधा दिन भनेर कमिटी गठन भएको र केही सेवा सुविधा प्राप्त गरेको बताउनुहुँदै त्यसमा पनि विशेष राहत दिने भनिएकोमा अहिलेसम्म प्राप्त हुन नसकेको बताउनुभयो । उहाँले घरको मूल व्यक्ति नै गुमाएको अवस्थामा, सामाजिक, आर्थिक रुपमा कमजोर भएको बताउनुहुँदै हामी कसरी अगाडि बढ्ने भन्ने समस्या भएको बताउनुभयो । उहाँले केही समयका लागि भए पनि राज्यको तर्फबाट रोजगारीको व्यवस्था भए जीवन यापन सहज हुने बताउनुहुँदै रकम







संकलनको पहल गरेर हस्तान्तरण गरेकोमा ट्रेड युनियन सञ्जाललाई धन्यवाद दिनुभयो ।

कार्यक्रममा विनाशकारी भूकम्पमा परी दिवंगत भएका करदाता सेवा कार्यालय महाराजगन्जका तत्कालिन कर्मचारीहरु मुक्ति पण्डित, कमलाकुमारी तिमल्सिना, विजय शाह, भाष्कर सापकोटा र रसुवा भन्सार कार्यालय गोपाल लामिछाने र गंगाराम दोरडा, त्यसैगरी रसुवा भन्सार कार्यालयबाट वेपत्ता हुनु भएका नासु श्री ख्यालबहादुर अर्याल र श्री प्रेम गिरिको परिवारहरुको उपस्थिति थियो ।

कार्यक्रममा राजस्व सचिव श्री राजन खनाल, आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा, भन्सार विभागका महानिर्देशक श्री शिशिरकुमार ढुंगाना, सम्पत्ति सुद्धिकरण अनुसन्धान विभागका महानिर्देशक श्री केवलप्रसाद भण्डारी, राजस्व अनुसन्धान विभागका महानिर्देशक श्री बालकृष्ण घिमिरे, राजस्व प्रशासन तालिम केन्द्रका तालिम प्रमुख श्री अविनाथ राई, अर्थ मन्त्रालय अन्तर्गतका विभागका उपमहानिर्देशकहरु, विभिन्न कार्यालयका प्रमुखहरु, नेपाल सरकारका उपसचिवहरु, अर्थमन्त्रालय अन्तर्गतका ट्रेड युनियनका अध्यक्ष, पदाधिकारी तथा सदस्यहरु, नेपाल निजामति कर्मचारी युनियन (संघ) का केन्द्रीय अध्यक्ष, नेपाल राष्ट्रिय कर्मचारी संगठनका केन्द्रीय अध्यक्ष, राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्रका केन्द्रीय अध्यक्ष, नेपाल मधेशी निजामति कर्मचारी मञ्चका केन्द्रीय अध्यक्ष, नेपाल राष्ट्रसेवक कर्मचारी संगठनका केन्द्रीय अध्यक्ष, राष्ट्रिय कर्मचारी संगठनका केन्द्रीय अध्यक्ष लगायतको उपस्थिति रहेको थियो ।

नेपाल राष्ट्रिय कर्मचारी संगठनको अर्थविभागीय कार्यसमितिका अध्यक्ष श्री सन्तोष ढुंगानाले संयुक्त ट्रेड युनियन सञ्जालको तर्फबाट स्वागत कार्यक्रम गर्नु भएको थियो । कार्यक्रमको सभापतित्व ट्रेड युनियन सञ्जालका संयोजक श्री तेजकुमार केसीले गर्नु भएको थियो भने कार्यक्रम सञ्चालन नेपाल निजामती कर्मचारी संगठनका केन्द्रीय सदस्य तथा ट्रेड युनियन सञ्जालका सदस्य श्री राजनकुमार विसीले गर्नु भएको थियो ।

१ पेजको बाँकी...





रहेको जानकारी गराउनुभयो ।

अर्थमन्त्रालय राजस्व व्यवस्थापन महाशाखा प्रमुख श्री लक्ष्मण अर्यालले राजस्व लक्ष्य प्राप्त गर्नको लागि धेरै चुनौतिहरु भएको बताउनुहुँदै राजस्व जोखिम देखिएका क्षेत्रहरुको विश्लेषण गरी कर सहभागिता वृद्धि गराउन कर प्रशासन लाग्नु पर्ने र चालु वर्षको कार्य योजना मुताविक कार्य सम्पादन गर्न निर्देशन दिनुभयो ।

महानिर्देशक श्री चुडामणि शर्माले राजस्व सचिव श्री राजन खनालको सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्नुहुँदै आर्थिक वर्ष २०७१/०७२ को विभागको प्रगतिको प्रस्तुत गर्नु भएको थियो । आर्थिक वर्ष २०७१/०७२ सम्मको लक्ष्य रु १ खर्व ५७ अर्ब ५० करोड रहेकोमा रु १ खर्व ६० अर्ब ०९ करोड असुली भई १०२ प्रतिशतले प्रगति भएको जानकारी दिनुभयो ।

आर्थिक वर्ष २०७१/०७२ को आषाढसम्ममा रु ११ अर्व ६० करोड ९० लाख २१ हजार कर बक्यौता घटेको जसमध्ये मू.अ.करतर्फ रु ५ अर्व ८ करोड ६० लाख ७ हजार तथा आयकरतर्फ रु ६ अर्व ५२ करोड ३० लाख १४ हजार बक्यौता घटेको जानकारी दिनुभयो । आषाढसम्ममा जम्मा ५८६२ वटा पूर्ण कर परीक्षण सम्पन्न भएको जसबाट रु ८ अर्व ६१ करोड १० लाख थप कर निर्धारण भएको जानकारी समेत गराउनुभयो । गत आर्थिक वर्षमा व्यावसायिक स्थायी लेखा प्रमाणपत्र लिने ८७७५३ करदाता थप भएको तथा व्यक्तिगत स्थायी लेखा प्रमाणपत्र लिने ९३५७५ करदाता थप भई कूल करदाता संख्या १२९२३४५ पुगेको जानकारी दिनुहुँदै ती करदाता मध्ये मू.अ.करतर्फ हालसम्म १५३८५० करदाता रहेको तथा अन्तःशुल्क तर्फ हालसम्म ४६२५१ करदाता दर्ता भएको जानकारी दिनुभयो ।

महानिर्देशक श्री शर्माले चालु वर्षको व्यवस्थापन गोष्ठीबाट पारित गरिएको ललितपुर घोषणा पत्रमा उल्लेखित कार्य सम्पादन गर्न तथा विभागको व्यवसायिक योजना मुताविक कार्य गर्न कर परिवार प्रतिवद्ध रहेको कुरा बताउनुहुँदै अर्थ मन्त्रालयबाट नीतिगत निर्देशन र समस्या समाधानको अपेक्षा रहेको बताउनुभयो । अवसरको समन्यायिक बितरण, दक्ष जनशक्तिको निरन्तरता, असल कामका लागि प्रतिरक्षा र विभागलाई समेत प्रोत्साहन भत्ताको व्यवस्थाको लागि मन्त्रालयसँग विभागको अपेक्षा रहेको समेत बताउनुभयो। कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरु श्री राममणि दुवाडी, श्री अर्जुनप्रसाद पोखेल, श्री चन्द्रकला पौडेल, सूचना प्रविधि विज्ञ श्री लक्ष्मीप्रसाद यादव, विभागका निर्देशकहरु र काठमाडौं उपत्यका भित्रका सवै कार्यालय प्रमुखहरुको उपस्थिति रहेको थियो ।

# आन्तरिक राजस्व कार्यालय, ललितपुर



## परिचय

कर प्रशासनलाई पारदर्शी, आधुनिक र करदातामैत्री बनाई राजस्व संकलन गर्ने उद्देश्यले वि.सं. २०५८ साल श्रावण १ गते साविकको मूल्य अभिवृद्धि कर कार्यालय र कर कार्यालयलाई एकीकरण गरी आन्तरिक राजस्व कार्यालय, ललितपुरको स्थापना भएको हो । यस कार्यालयको कार्य क्षेत्र अन्तर्गत ललितपुर जिल्ला उपमहानगरपालिका, कार्यविनायक, गोदावारी, माहालक्ष्मी नगरपालिका र ललितपुर जिल्लाका विभिन्न गाविसहरु रहेको छ। दैनिक कार्य सम्पादनको लागि हाल यस कार्यालयले एक बहाल र एक आफ्नै स्वामित्वमा गरी दुइवटा भवनहरु प्रयोग गरिरहेको छ ।

## करदाता संख्या :

- आकयरमा : ३५२०३
- मूअकरमा दर्ता : ९८६४
- Personal PAN मा दर्ता ३०२५३

## बार्षिक बजेट तथा कार्यक्रम

आर्थिक वर्ष २०७१/०७२ मा यस कार्यालयको चालु तर्फ रु ३,३१,५२,५२१.३० वजेट विनियोजन भएकोमा रु २,९९,१०,०८७.१४ मात्र खर्च भएको छ । पूँजिगत तर्फ रु ८,००,००० वजेट विनियोजन भएकोमा रु ७,९७,८१७ खर्च भएको छ। चालु आ.व. २०७२/०७३ को लागि चालु तर्फ रु ३,०२,२८,००० र पूँजिगत तर्फ रु २,५०,००० बजेट विनियोजन भएको छ ।

## अभिलेख व्यवस्थापन


राजस्व प्रशासनलाई सरल र कार्यसम्पादनमा सहजता ल्याउनका लागि यस कार्यालयको अभिलेख व्यवस्थापन गर्न विद्युतीय माध्यमको प्रयोग गरिएको छ । करदाताका सम्पूर्ण विवरणहरु कम्प्युटरमा प्रविष्टि गर्ने तथा शाखागत रुपमा सम्पादन हुने कार्यको एकीकृत अभिलेख व्यवस्थापन गर्न Networking System मा कर्मचारीगत Folder Create गरी नियमन गर्ने गरिएको छ ।

करदातालाई दर्ता गरे पश्चात् निजका

## कर्मचारी दरवन्दी तथा पदपूर्तिको अवस्था

| क्र.सं. | पद | सेवा | समूह/उपसमूह | दरवन्दी | पदपूर्ति |
|---|---|---|---|---|---|
| १ | प्रमुख कर अधिकृत | प्रशासन | राजस्व | १ | १ |
| २ | कर अधिकृत | प्रशासन | राजस्व | १० | १० |
| ३ | कम्प्युटर अधिकृत | विविध | | २ | २ |
| ४ | लेखा अधिकृत | प्रशासन | लेखा | १ | १ |
| ५ | सव इन्जिनियर | विविध | | ० | १ |
| ६ | नायव सुव्वा | प्रशासन | राजस्व | ९ | ९ |
| ७ | टाइपिस्ट नासु | | | ० | १ |
| ८ | लेखापाल | प्रशासन | लेखा | ० | ० |
| ९ | डाइसु | विविध | | १ | १ |
| १० | खरीदार | प्रशासन | राजस्व | ९ | २ |
| ११ | टाइपिष्ट खरीदार | | | ० | १ |
| १२ | करार सेवा (डाइसु, हसचा, कुचिकार) | | | ० | ९ |
| १३ | हलुका सवारी चालक | | | ० | २ |
| १४ | कार्यालय सहयोगी | | | ० | १५ |
| | जम्मा | | | ३३ | ५५ |

## संगठन तालिका



नाममा एक फाइल Create गरी खोजेको समयमा तुरुन्त उपलब्ध हुनेगरी राखिएको र कम्प्युटर प्रणालीमा Tracking गर्ने गरिएको छ । फाइल : Movement को समेत अभिलेख हुने गरी फाइलिङ व्यवस्था प्रभावकारी वनाइएको छ ।

### राजस्वको लक्ष्य र प्रगति

आ.व. २०७१/०७२ को राजस्व लक्ष्य असुली विवरण (रु हजारमा):

| राजस्व | लक्ष्य | असुली | प्रतिशत |
|---|---|---|---|
| आयकर | २८०८३६८ | २७९३०६४ | ९९।४६ |
| वहालकर | ४९७९४१ | २२८९१५ | ४५।९७ |
| व्याजकर | २१०५२१ | १६४६६७ | ७८।२२ |
| मू.अ.कर | १५१४०९४ | १५२३७२६ | १००।६४ |
| अन्त:शुल्क | ५६०२५५ | ७३३८१६ | १३०।९८ |
| शिक्षा सेवा शुल्क | ४९२७४ | ३३९१० | ६८।८२ |
| स्वास्थ्य सेवा कर | ७७१२७ | ७७५३७ | १००।५३ |
| जम्मा | ५७१७५८० | ५५५५६३५ | ९७।१७ |

वि.सं. २०७२ बैशाख १२ र २९ गतेको विनासकारी भूकम्पको कारण निर्धारित लक्ष्य प्राप्त गर्न नसके तापनि लक्ष्यको ९७.१७ प्रतिशत हासिल गर्न सफल भएको छ । आ.व. २०७१/०७२ को समष्टिगत कार्यगत परिसूचकहरुको लक्ष्य प्रगति तर्फ हेर्दा समग्र ग्रेडिङमा कार्यालयले A++ प्राप्त गरेको अवस्था छ ।

### तीन वर्षको राजस्व लक्ष्य तथा असुली विवरण

(रु हजारमा)

| आ.व. | लक्ष्य | असुली | प्रगति प्रतिशत |
|---|---|---|---|
| २०६९।७० | ३९२६१४१ | ४१५४१९४ | १०५।८१ |
| २०७०।७१ | ४७५०१३५ | ४९८८६२८ | १०५।०२ |
| २०७१।७२ | ५७१७५८० | ५५५५६३५ | ९७।१७ |
| २०७२।७३ | ६९३८०६६ | | |

### सम्पादन गरिएका उल्लेख्य कार्यहरु

- बेरुजु ८० प्रतिशत भन्दा बढी संपरीक्षण गरिएको ।
- आयकरको मुख्य आधार TDS हुने हुँदा यस तर्फ विशेष ध्यान दिंदै सबै कलेज, गैरसरकारी संस्था लगायतको TDS Audit सम्वन्धी कार्ययोजना वनाई Audit गर्ने गरिएको ।
- TDS verification गरेका सबै करदातालाई eTDS गर्न अनिवार्य गरिएको ।
- आन्तरिक राजस्व विभागबाट लागू गरिएको Officer Portal System बाट आयकर र मू.अ.कर वक्यौता, ऐन नियममा भएका संशोधन लगायतका विषयमा करदातालाई SMS बाट जानकारी गराउने गरिएको ।
- मू.अ.कर तथा आयकरतर्फ उच्च वक्यौता रहेका करदाताको Dues profile वनाई वक्यौता असुलीको कार्य प्रारम्भ गरिएको । वक्यौता असुली प्रयोजनार्थ कानूनी कारवाही गर्ने गरिएको ।
- Revenue Risk हुन सक्ने तथा लगातार Credit भएका करदाताहरुको सूची तयार गरी Current Year Audit गर्ने गरिएको ।
- शंकास्पद कारोवार गरी विवरण पेश नगरेका तथा सम्पर्क स्थापित गर्न नसकिएका करदाताहरुलाई खोजी गरी कार्यालयमा पेश गर्न जिल्ला प्रहरी कार्यालयलाई पत्रचार गरिएको ।
- आयकरमा मात्र दर्ता भई कारोवार गर्ने तर विवरण पेश नगरेका करदाताहरुको Mismatch Report का आधारबाट Nonfiler Audit गरिएको ।
- कर छुटको प्रमाणपत्र प्रदान गरिएका करिव ६०० करदाताहरुलाई Integreted Tax System मा Marking गरिएको ।
- आर्थिक ऐन, २०७१ ले प्रदान गरेको स्किम अन्तर्गत क्रसर उद्योगहरुलाई मूल्य अभिवृद्धि करमा दर्ता गराइएको ।
- विभिन्न सामाजिक संस्थाहरुसंग समन्वय गरी करदाता शिक्षा कार्यक्रम प्रदान गरिएको ।

### कार्यसम्पादनको क्रममा आइपरेका समस्याहरु

- स्थायी लेखा नम्वर नलिएका तथा नाम मात्र भएका करदाताहरुलाई सम्पर्क स्थापित गर्न नसकिएकोले बक्यौता असुलीमा समस्या भएको ।
- भूकम्पले कार्यालयको भवन चर्किएकोले कार्यसम्पादनमा समस्या भएको ।
- मू.अ.कर तथा आयकर तर्फ विवरण पेश नगर्ने अधिकांश करदाताहरु जे.भि. भएको र सम्पर्क स्थापित गर्न नसकिएको ।

### समस्या समाधानका लागि गरिएका प्रयास

- शहरी विकास तथा भवन निर्माण विभागबाट भुकम्पबाट क्षति भएको कार्यालयको भवन परीक्षण गराईएको ।
- उद्योग वाणिज्य संघ, तथा वस्तुगत संघसस्थासंग समन्वय गरी वक्यौता रहेका करदातासंग सर्म्पक स्थापित गर्ने प्रयास गरिएको ।
- विभागबाट लागू गरिएको विद्युतीय माध्यम (Integreted Tax System) को प्रयोग गरी विवरण पेश नगर्ने तथा वक्यौता रहेका करदाताहरुलाई Message पठाउने कार्य गरिएको ।

### आगामी कार्य योजना

- करदाता शिक्षाको माध्यमबाट कर प्रशासन प्रति आम नागरिकको सकारात्मक सोच अभिवृद्धि गर्ने ।
- राजस्व जोखिमका आधारमा करदाता छनौट गरी कर परीक्षण तथा अनुसन्धान गर्ने ।
- कर परीक्षणलाई गुणस्तरीय वनाउन Internal Audit Core Group/ Quality Circle वनाउने ।
- बजार अनुगमनबाट सूचना संकलन र प्रशोधन गरी अनुसन्धान प्रकृयाको अवलम्वन गर्ने ।
- वेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकता दिई वेरुजु रहित कार्यालयको रुपमा स्थापित गर्ने ।

### अन्य निकायसंगको अपेक्षा

यस कार्यालयले ललितपुर उद्योग वाणिज्य संघ तथा अन्य वस्तुगत तथा पेशागत संघसंस्था, राजस्व अनुसन्धान विभाग, घरेलु तथा साना उद्योग कार्यालय ललितपुर, वाणिज्य कार्यालय, ललितपुर उपमहानगरपालिका, नगरपालिका लगायतका निकायहरुसंग समन्वय गरी कार्य सम्पादन गर्दै आएको छ । ती निकायहरुबाट निरन्तर सहकार्य तथा समन्वयको अपेक्षा गरिएको छ, जसले गर्दा कर सहभागिता बढाउन टेवा मिल्ने छ। कार्यालयमा साना सवारी साधान मात्र भएकोले दुर्गम गाउँहरुमा पुग्न नसकिएकोले सवारी साधान खरिद तथा भूकम्पले क्षति पुगेको भवनको मर्मत तथा नयां भवन निर्माणको लागि विभागसंग वजेटको अपेक्षा गरिएको छ । विभागबाट जनशक्ति विकासको लागि विषयगत तालिम र सूचना प्रविधिमैत्री कर प्रशासनको विकास गर्न निरन्तर अनुशिक्षणको आशा गरिएको छ । उच्च राजस्व जोखिममा रहेका तर कार्यालयको सम्पर्कमा नआएका र गलत विवरण उल्लेख गरी स्थायी लेखा नम्वर लिई कुनै अवधिमा कारोवार गरी हाल शंकास्पद देखिएका तथा कारोवार गर्न छाडेका करदातालाई कार्यालयमा उपस्थित गराई कर प्रशासनमा सहयोग उपलव्ध गराई दिनका लागि सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरुसंग सहयोगको अपेक्षा गरिएको छ ।

# आन्तरिक राजस्व कार्यालय, सिमरा




**परिचयः**

आन्तरिक राजस्व कार्यालय सिमराको स्थापना वि. सं. २०५८ सालमा भएको हो । नेपाल सरकारले २०५८ सालमा तत्कालिन कर विभाग, मूल्य अभिबृद्धि कर विभाग र अन्तशुल्क विभाग समेत एकीकरण गरी आन्तरिक राजस्व विभागको स्थापना गरेसँगै यस कार्यालयको स्थापना भएको हो ।


बारा जिल्ला गढीमाई नगपालिका वडा नं २, सिमरामा अवस्थित यस कार्यालयले चर्चेको जग्गाको क्षेत्रफल ०-५-० रहेको छ। जसमा दुईवटा भवन प्रशासनिक एवं कर्मचारी आवासको रुपमा प्रयोगमा आएको छन् । यस कार्यालयको प्रशासनिक कार्यक्षेत्र बारा र रौतहट जिल्ला रहेको छ।

रौतहट जिल्लाको लागि वि. सं. २०६९ सालमा करदाता सेवा कार्यालय, गौर सञ्चालनमा आई करदातालाई नजिकबाट सेवा प्रदान गरिरहेको अवस्था छ । यस कार्यालयको अधिनमा साविक कर कार्यालय गौरको नाममा ०-१-१५ जग्गा र सोमा बनेका घर/भवन रहेको छ।

**दरबन्दी तथा पदपूर्तिको अवस्था :**

| पद | दरबन्दी | पदपूर्ति |
|---|---|---|
| प्रमुख कर अधिकृत | १ | १ |
| कर अधिकृत | ६ | ६ |
| लेखा अधिकृत | १ | १ |
| कम्प्युटर अधिकृत | १ | – |
| नायब सुब्बा | १४ | १३ |
| डा. इ. सु. | १ | १ |
| टा. नायब सुब्बा | – | २ |
| सेवा करार डा.ई.सु. | – | २ |
| कार्यालय सहयोगी | – | २ |
| हलुका सवारी चालक | – | २ |
| सेवा करार ह.स.चा | – | २ |
| सेवा करार का.स. | – | ३ |
| जम्मा | २४ | ३४ |

**संगठन तालिका :**




**करदाता सम्बन्धी विवरण :**

यस कार्यालयको कार्यक्षेत्र अन्तरगत निम्नानुसार करदाता दर्ता रहेका छन् :

| | |
|---|---|
| आयकरमा दर्ता | २२१२८ |
| मू अ कर मा दर्ता | ३१०७ |
| व्यक्तिगत आयकर दर्ता | १३७४६ |
| जम्मा | ३८९८१ |

यस कार्यालयको कार्य क्षेत्र अन्तरगत हालसम्ममा कुल ३८९८१ करदाताहरु करको दायरामा समाहित भएका छन् । जुन यस कार्यालयको कार्यक्षेत्रको कूल जनसंख्या १३७४४३० को करीब २.८४ प्रतिशत हुन आउँछ।

**अभिलेख व्यवस्थापनः**

करदाता दर्ता भएदेखिका सम्पूर्ण विवरणहरु रहेको फाइललाई कम्प्युटर सफ्टवयर मार्फत सबै फइलहरु खोजेकै बखत पाउन सकिने गरी व्यवस्थापन गरिएको छ ।

**लक्ष्य र प्रगति :**

यस कार्यालयले आ. व. २०७१/०७२ मा लक्ष्यको तुलनामा हासिल गरेको राजस्व संकलनको प्रगति देहायअनुसार रहेको छ :

रु. हजारमा

| शीर्षक | लक्ष्य | असुली | प्रगति प्रतिशत |
|---|---|---|---|
| आयकर | ३९६५५७ | २७८०१४ | ७०.११ |
| बहाल कर | २३४८३ | १२०६७ | ५१.३९ |
| व्याज कर | ८७७५ | १०८६४ | १२३.८० |
| मू अ कर | ४२८६०७ | २८६२३७ | ६६.७८ |
| अन्तशुल्क | ५५४८०७२ | ४८४४७७० | ८७.३२ |
| शिक्षा सेवा शुल्क | ५९४ | ७३४ | १२३.५९ |
| स्वास्थ्य सेवा कर | १६७४ | ३३५ | २०.०१ |
| जम्मा | ६४०७७६२ | ५४३३०२१ | ८४.७९ |

बांकी १२ पेजमा....

# करदाता सेवा कार्यालय, बत्तीसपुतली

## परिचय

आर्थिक कृयाकलापको वृद्धिसंगै करको दायरा विस्तार गर्न एवं करदाताको नजिक कर प्रशासन पुऱ्याउने उद्देश्यकासाथ आर्थिक वर्ष २०६८/०६९ को बजेट मार्फत् स्थापना भएका उपत्यकका १३ करदाता सेवा कार्यालयमध्ये करदाता सेवा कार्यालय बत्तीसपुलती पनि एक हो। शुरुमा आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. १ बबरमहलबाट नै कार्यालयको काम शुरु भएको भएता पनि २०६८ बैशाख २६ गते गौशाला पिंगलास्थान स्थित यस कार्यालयको विधिवत् रुपमा स्थापना भई कार्यसम्पादन हुँदै आएको छ। हाल कार्यालय घर बहालमा लिई सञ्चालन भई रहेको छ।

यस कार्यालयको कार्यक्षेत्र काठमाण्डौ महानगरपालिकाको वडा नं. ८, वढा नं. ९ तथा वढा नं. ३३ रहेको छ। यस कार्यालय अन्तरगत हाल कूल २२, ६६३ करदाता रहेका छन् जसमध्ये १४,३४० व्यवसायिक करदाता रहेका छन् भने व्यक्तिगत रूपमा पारिश्रमिक, घर वहाल जस्ता कर दाखिला गर्नु पर्ने दायित्व भएका करदाता ८,३२३ रहेका छन्। दर्ता करदाताहरु मध्ये ३,३८३ करदाता मू.अ.करमा दर्ता रहेका तथा ४७१ करदाता अन्तःशुल्क तर्फ दर्ता रहेका छन्। सम्पूर्ण करदाताहरुले आयकर विवरण तथा मू.अ.कर विवरण अनलाईन पेश गर्ने गरेको छन्।

## कार्यसम्पादन व्यवस्थापन

यस कार्यालयबाट सम्पादन हुने कामहरुलाई करदाता सेवा शाखा, संकलन शाखा र कर परीक्षण तथा अनुसन्धान शाखाहरुमा विभाजन गरी प्रभावकारी रुपमा कार्यसंचालन गर्न एवं करदातालाई छिटो छरितो रुपमा सेवा प्रवाह गर्नको लागि कार्यालयका प्रत्येक अधिकृत एवं अन्य कर्मचारीहरुलाई कार्य जिम्मेवारी तोकिएको छ भने सोही बमोजिम कार्यसम्पादन हुँदै आइरहेको छ। कार्यालय पूर्णतः Functional Basis मा संचालन भइरहेको छ। कार्यालयमा हाल २७ जना कर्मचारीहरु कार्यरत रहेका छन्। कार्यालयको कर्मचारी दरबन्दी तथा कार्यरत जनशक्ति निम्नानुसार रहेको छ।

| कमचारीको पद | दरबन्दी | पदपूर्ति |
|---|---|---|
| प्रमुख कर अधिकृत | १ | १ |
| कर अधिकृत | ८ | ८ |
| शखा अधिकृत प्रशासन समुह | १ | १ |
| कम्प्युटर अधिकृत विविध सेवा | १ | १ |
| नायव सुव्वा | ६ | ५ |
| लेखापाल | १ | १ |
| डाटा इन्ट्री सुपरभाइजर (करार) | ५ | ५ |
| टाइपिष्ट खरिदार | ० | १ |
| हलुका सवारी चालक | ० | २ |
| कार्यालय सहयोगी | ० | ४ |

## वार्षिक बजेट तथा कार्यक्रम

कार्यालय सञ्चालनको लागि यस कार्यालयलाई आ.व. २०७१/०७२ मा चालुतर्फ रु. १,६२,६६,४४८ विनियोजन भएकोमा आ.व.मा रु. १,३७,००,१४३.३६ (विनियोजनको ८४.२२ प्रतिशत) खर्च भएको छ भने पूँजीगत खर्च रु. ५,४०,००० विनियोजन भएकोमा रु. ५,३९,७५३ खर्च भएको छ। कार्यालय सञ्चालनको लागि भएको चालु खर्च यस कार्यालयबाट असुल भएको राजस्वको तुलनामा ०.९८ प्रतिशत मात्र रहेको देखिन्छ। आ.व. २०७२/०७३ को लागि चालु खर्च तर्फ १,९२,०९ हजार तथा पूँजीगत खर्च तर्फ २ लाख रुपैयाँ विनियोजन भएको छ। यसै बिनियोजित बजेटको अधिनमा रही यस सेवा कार्यालयले विभिन्न गतिविधि एवं कार्यक्रमहरु संचालन गर्दै आएको छ

## अभिलेख व्यवस्थापन

करदाताको कारोवारसंग सम्वन्धित अभिलेख आन्तरिक राजस्व विभागको तथ्यांक प्रणालीमा आवद्ध रहेका छन्। यस कार्यालयमा दर्ता हुन आएका करदाताहरुको करदाताले दर्ताका बखत पेश गरेका कागजातहरुलाई करदाताको फाइल खडा गरी उक्त फाइलहरुलाई चाहेको बेलामा तुरुन्त निकाल्न सकिने गरी कम्प्युटर प्रणालीमा (Computer System) मा प्रविष्ट गरी लोकेशनमा चुस्त, दुरुस्त र पारदर्शी तरिकाबाट व्यवस्थित गरी राखिएको छ। कार्यत्मक लक्ष अनुसारका कार्यहरु सम्पादन गर्ने क्रममा तयार गरिएका प्रमाण कागजात तथा अभिलेखहरुलाई व्यवस्थित गरी राखिएको छ।


## कार्यगत प्रगति समीक्षा

आ.व. २०७१/०७२ मा कार्यालयले कार्यालयलाई तोकिएको राजस्व लक्ष्य तथा प्रगतिको अवस्था निम्नानुसार रहेको देखिन्छ।

(रकम रु. हजारमा)

| विवरण | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|
| आयकर | ९९४३४९ | ९६२७३८ | ९६.८२ |
| घर बहाल कर | १६३८५२ | ८१२११ | ४९.५६ |
| व्याजकर | ४६४३८ | २१८७७ | ४७.११ |
| मूल्य अभिबृद्धि कर | २३३४६८ | २८३६५६ | १२१.५० |
| अन्तःशरल्क | ५०६९ | ६०४१ | ११९.१७ |
| स्वास्थ्य सेवा शुल्क | ३२६२८ | ३०११९ | ९२.३१ |
| शिक्षा सेवा शुल्क | १४४८० | १२४४९ | ८५.९७ |
| जम्मा | १४९०२८४ | १३९८०९० | ९३.८१ |

कुल संकलनलाई पाइचार्टमा हेर्दा यस्तो देखिन्छ।




## विगत ३ वर्षको राजस्व लक्ष्य तथा प्रगतिको अवस्था

| आ.व. | २०६९/७० | २०७०/७१ | २०७१/७२ |
|---|---|---|---|
| लक्ष्य | १३४७८५५ | १७२०६९३ | १४९०२८४ |
| संकलन | १४२२७६९ | १८६६१३७ | १३९८०९० |
| प्रगति प्रतिशत | १०५.५६ | १०८.४५ | ९३.८१ |

आ.व. २०७२/०७३ मा यस कार्यालयको लागि रु. १,६३,५८,७५ हजार राजस्व लक्ष्य निर्धारण भएको छ। उक्त लक्ष्य बमोजिमको राजस्व संकलनको लागि कार्यालयले हर सम्भव प्रयास गर्नेछ। कार्यालयले आ.व. २०७१/०७२ मा १०३ करदाताहरुको पूर्ण कर परीक्षण सम्पन्न गरी १ करोड ९० लाख ६५ हजार थप आयकर तथा २८ लाख ४१ हजार थप मू.अ.कर निर्धारण गरेको छ। थप कर निर्धारित रकम प्रति करदाता करिब २ लाख १३ हजार रहेको

छ। त्यसैगरी कार्यालयले १४ करदाताहरुको विस्तृत अनुसन्धान गरी आयकर तर्फ २ करोड ६३ लाख २८ हजार तथा मू.अ.कर तर्फ १९ लाख १८ हजार कर निर्धारण गरेको छ। त्यसैगरी १७ करदाताहरुको चालु आ.व.को कारोवार परीक्षण गरी १७ लाख ५९ हजार मू.अ.कर निर्धारण भएको छ। करको दायरा विस्तार अन्तरगत आ.व. २०७१/०७२ मा २५८४ जनालाई व्यक्तिगत स्थाई लेखा नम्बर प्रदान गरिएको तथा व्यवसायिक तर्फ ७५६ नयाँ करदाता दर्ता गरिएको छ।

## सम्पादन गरिएका मूख्य कार्यहरु

माथि उल्लेखित कार्यहरुका अतिरिक्त कार्यालयको कामलाई व्यवस्थित गर्न एवं करदातालाई छिटो छरितो तवरले सेवा उपलब्ध गराउन निम्नानुसारका कार्यहरु गरिएको छ।

- करदाताको सुविधालाई ध्यानमा राखी कार्यालयमा Help Desk को व्यवस्था गरिएको छ। जसबाट करको दायरा विस्तार एवं कर कानुनको परिपालनाको लागि करदाताको जिज्ञासालाई सम्बोधन गर्ने गरिएको छ।
- नागरिक वडापत्रको व्यवस्था गरी कार्यालयले प्रदान गर्ने सेवा एवं करदाताको कर सहभागिता अभिवृद्धि गर्ने हेतु कार्यालयबाट हुने कामकारवाहीहरुका सम्बन्धमा करदातालाई जानकारी प्रदान गर्ने व्यवस्था गरिएको छ।
- करदाताहरुलाई आयविवरण तथा मू.अ.कर विवरण प्रविष्ट गर्नको लागि सहजता प्रदान गर्ने हेतुले छुट्टै कम्प्युटर व्यवस्था गरिएको छ। आफै विवरण प्रविष्ट गर्न नसक्ने करदाताहरुलाई विवरण पेश गर्न सहयोग गर्नको लागि कर्मचारीको व्यवस्था गरिएको छ। जसले करदातालाई विवरण प्रविष्ट गर्ने तरिका सम्बन्धी जानकारी दिनुका साथै आवश्यकता अनुसार विवरण प्रविष्ट गरिदिने समेत गरेको छ।
- करदाता शिक्षाको माध्यमबाट कर सहभागिता अभिवृद्धि गर्ने प्रयास गरिएको छ। नयाँ दर्ता हुने करदातालाई यथाशक्य करदाता शिक्षा कार्यक्रममा सहभागिता गराउने गरिएको छ।
- Filing Manegement लाई कम्प्युटरीकृत गरी सहज सरल र थोरै समयमा फाइल खोज्न सकिने व्यवस्था गरिएको छ।
- सबै करदाताहरुले अनिवार्य रुपमा विद्युतीय माध्यमबाट कर विवरणहरु पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।
- कार्यक्षेत्रमा रहेका घरहरुको सर्वेक्षण गरी बहालमा लगाएका घर/घरधनीहरुको विवरण कम्प्युटरमा अध्यावधिक गरी राखिएको छ।
- राजस्व संकलन तथा बक्यौता असुलीको लागि करदाताहरुलाई नियमित रुपमा सम्पर्क गर्ने गरिएको छ।

## कार्य सम्पादनमा आएका समस्याहरु

- कार्यालय वहालमा भवन लिई सञ्चालन भइरहेको छ। आफ्नै भवन नहुँदा स्थाई रुपमा संरचनाहरु निर्माण गर्न कठिनाई रहेको छ। साथै अभिलेख व्यवस्थापन लगायतका कार्यको लागि स्थान अपुग भई अभिलेख व्यवस्थापन कार्यमा कठिनाई आउने गरेको छ। स्थान अभावको कारण कार्यालयको तथा करदाताहरुको सवारी पार्किङलाई व्यवस्थित गर्न सकिएको छैन।
- अन्य कार्यालयबाट भएका कर निर्धारण लगायतका कागजातहरु कार्यालयमा नहुँदा बक्यौता असुली लगायतका कार्यमा कठिनाई हुने गरेको छ।
- करदाताहरुको अभिलेख अध्यावधिक हुन नसकेको हुँदा करदाताको कर सहभागिता वृद्धि गराउन एवं बढ्दो Non Filer लाई व्यवस्थित गर्न कठिनाई हुने गरेको।
- कार्यालयको कार्य प्रकृति गत आ. व. भन्दा फरक भै कर परीक्षण अनुसन्धान लगायतका जिम्मेवारी वहन गर्नका लागि अनभुव हासिल गर्दै गरको कर्मचारीहरुबाट कार्य संचालन गर्नुपर ेकोले। गुणस्तरीय परीक्षणमा विशेष ध्यान दिनुपर्ने अवस्था रहेको छ।
- पुरानो वक्यौता असुलीमा समस्या।
- करदातामा कर कानुन र e-System सम्बन्धमा पूर्ण जानकारी नहुनु।

## आगामी दिनमा गर्नुपर्ने सुधार

- कार्यालयलाई अझ व्यवस्थित रुपमा सञ्चालन गर्न आफ्नै भवनको व्यवस्था गर्नु आवश्यक छ। यसको लागि कार्यालय, आन्तरिक राजस्व विभाग तथा अर्थ मन्त्रालय सबैले पहल गर्न जरुरी छ।
- व्यवसायिक करदातालाई स्थाई लेखा नम्बर प्रदान गर्दा नै कारोवार स्थल रहने घरधनीको स्थाई लेखा नम्बर सहित उल्लेख गरी तथ्याङ्क व्यवस्थित गर्नुपर्ने।
- कर परीक्षण र कर अनुसन्धानमा गुणात्मक सुधार ल्याउन अधिकतम प्रयास गर्नुपर्ने।
- वजार अनुगमनवाट सूचना संकलन तथा विश्लेषण गरी सूचनामा आधारित अनुसन्धान प्रकृयाको अवलम्वन गर्नेपर्ने।

## अन्य निकायहरुसंगको अपेक्षा

कार्यालयलाई अझ व्यवस्थित गर्नको लागि एवं कर प्रणालीलाई अझ करदातामैत्री र शसक्त बनाउनका लागि आन्तरिक राजस्व विभाग तथा अन्य निकायहरुसंग निम्नानुसारको अपेक्षा कार्यालयले गरेको छ।

- पर्याप्त श्रोत साधनको उपलब्धता, गराइनुपर्ने।
- कर्मचारीलाई तालिमको व्यवस्था हुनुपर्ने।
- बक्यौता असुलीको लागि मूल्यांकन तथा लिलामी सम्बन्धी निर्देशिका तयारी गर्नुपर्ने।
- शिक्षा तथा स्वास्थ्य सेवा शुल्कको पनि मूल्य अभिवृद्धि कर जस्तै अनलाइन विवरण पेश गर्ने व्यवस्था मिलाउनुपर्ने साथै सोको ATR समेत तयार हुने व्यवस्था हुनुपर्ने।
- Non Filer रहेका करदातालाई आवश्यक सूचना कम्प्युटर प्रणालीबाट नै करदाताको email ठेगानामा पठाउने व्यवस्था हुनुपर्ने।
- कम्प्युटर सफ्टवेयर लगायतका उत्पादनहरुको स्थानीय एवं निर्यात बिक्रीलाई करको दायरामा ल्याउन आवश्यक पहल एवं प्रणाली विकास हुनुपर्ने।
- कार्यालयका दरबन्दीमा रहेका कर्मचारीलाई लामो समयसम्म अन्यत्र काजमा पठाउने कार्यलाई निरुत्साहित गर्नुपर्ने।

९ पेजको बांकी....

## विगतको राजस्व असुलीको प्रवृत्ति:

| शीर्षक | आ. व. २०६९।७० | | | आ. व. २०७०।७१ | | | आ. व. २०७१।७२ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | असुली | प्रगति | लक्ष्य | असुली | प्रगति | लक्ष्य | असुली | प्रगति |
| आयकर | १६४०२३ | १५९७५७ | ९७.४ | १९१००५ | २३८१७५ | १२४.७ | ३९६५५७ | २७८०१४ | ७०.११ |
| बहाल कर | ८४८३ | ८८५१ | १०४.३४ | १०६७० | १०७१४ | १००.४१ | २३४८३ | १२०६७ | ५१.३९ |
| व्याज कर | ४३१५ | ३२६२ | ७५.६० | ३८८७ | ७०५५ | १८१.५ | ८७७५ | १०८६४ | १२३.८० |
| मू अ कर | २९१३६८ | २४१२१७ | ८२.७९ | २६२२७८ | ३३१५३ | १२६.८९ | ४२८६०७ | २८६२३७ | ६६.७८ |
| अन्तशुल्क | ६१८७३१९ | ५४५२४२८ | ८८.१२ | ६४८९८९८ | ६३९९२१० | ९८.६ | ५५४८०७२ | ४८४४७७० | ८७.३२ |
| शिक्षा सेवा शुल्क | २७० | ४४२ | १६३.५३ | ६०३ | ६१० | ८४.६१ | ५९४ | ७३४ | १२३.५९ |
| स्वास्थ्य सेवा कर | - | ५०७ | - | ५६८ | ९२३ | १६२.५१ | १६७४ | ३३५ | २०.०१ |

### वार्षिक बजेट तथा कार्यक्रम :

आ. व. २०७१/०७२ मा यस कार्यालयलाई चालु खर्च तर्फ रु. १९५२७८०० विनियोजन भएकोमा रु. १७१३५८१५ खर्च भई ८७.७५ प्रतिशत प्रगति भएको छ । पूँजीगत खर्चतर्फ करदाता सेवा कार्यालय गौरको नयाँ भवन निर्माण समेतका लागि एक करोड दशलाख रुपैया विनियोजन भएकोमा गत आ.व.मा लागत अनुमान तयार भै बोलपत्र निकाल्ने कार्य सम्पन्न भएको छ । विनाशकारी भूकम्पले गर्दा लागत अनुमान स्वीकृति तथा बोलपत्रको प्रक्रिया पुरा हुन ढिला भै खर्च हुन नसकेको हो। पूजीगततर्फ रु. ११७२६८२ खर्च भै १०.६६ प्रतिशत मात्रै प्रगति भएको छ।

### कार्यसम्पादनको क्रममा आइपरेका समस्याहरु:

- करदाताले कारोबार छाड्ने बित्तिक्कै स्थायी लेखा नं स्थगन गराउने प्रवृत्ति विकास गराउन नसकिएको अवस्था छ।
- कर परीक्षण तथा अनुसन्धानबाट कर निर्धारण भएको बक्यौता रकम सालबसाली रुपमा बढ्दै गएको छ। पुरानो बक्यौता असुलीका लागि ऐन, नियम, निर्देशिका बमोजिमका असुली प्रक्रियामा लैजाँदा करदाता सम्पर्कमा नहुनु भएका करदाताको कानूनी कारवाहीको प्रक्र्याबाट बक्यौता रकम बराबरको रकम असुल हुन नसक्ने अवस्था रहेको छ।
- Mismatch लाई कानूनको दायरामा ल्याउनु पनि चुनौतीपूर्ण रहेको ।
- विभिन्न उद्योगहरुको अनुसन्धान एवं परीक्षणको क्रममा उद्योग विभागबाट बेलाबेलामा जारी गर्ने प्रतिलब्धी दर सम्बन्धीपत्रको आधारमा दुविधा सिर्जना भएको।
- वर्तमान व्यापार व्यवसायको प्रकृतिमा विविधिकरण भएको सो बमोजिम निर्देशिकामा स्पष्ट नहुँदा कार्य समपादनमा असहज भएको छ।
- अन्तशुल्क राजस्वमा चुहावट नहोस् भन्नका लागि विषयगत दक्षता भएका जनशक्तिको आवश्यकता देखिन्छ। तसर्थ, यस कार्यालयमा कार्यरत कर्मचारीमा अन्तशुल्क सम्बन्धी विज्ञताको लागि समयानुकूल तालिम एवं अन्तरक्रियाको आवश्यकता रहको।
- करदाता सेवा कार्यालय, गौरमा नायब सुब्बाको दरबन्दी पूर्ति नहुँदा कार्यसम्पादनमा असर परेको ।

### आ रा वि/मन्त्रालयसंगका अपेक्षाहरु:

- कार्य विशिष्टीकरण सहितको जनशक्ति व्यवस्थापन र क्षमता विकासका लागि विभाग र मन्त्रालयको सहयोग आवश्यक भएको।
- भौतिक स्रोत साधनको पर्याप्त व्यवस्था गर्नुपर्ने।
- विभागबाट नियमित अनुगमन र मार्गदर्शन हुनुपर्ने।


## मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालार्य अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरू खटाइएको छ । बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु ५०००।- (पाँच हजार मात्र) तत्काले जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुप्मा विजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं



**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
राममणि दुवाडी
अर्जुनप्रसाद पोखरेल
चन्द्रकला पौडेल
लक्ष्मीप्रसाद यादव

**सम्पादन समूह**
सम्झना बराल
शिवलाल तिवारी
प्रकाश शर्मा ढकाल
आनन्द काफ्ले




बहाल आयमा १० प्रतिशत कर तिरौं ।